# सानिमा बैंक लिमिटेडको
## पन्ध्रौ वार्षिक साधारण सभाको विवरण

यस बैंकका संचालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठको अध्यक्षतामा बि.सं.२०७६ साल आश्वीन २९ गते (१६ अक्टोबर २०१९) बुधबार विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म नक्साल ब्यांकेट, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पन्न भएको पन्ध्रौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ ।

**१. उपस्थिति :**

**क. सभामा उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री विनयकुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - संचालक |
| ३. | श्रीमती गायत्री थापा | - संचालक |
| ४. | श्री भरतकुमार पोखरेल | - संचालक |
| ५. | श्री महेश घिमिरे | - संचालक |
| ६. | श्री उत्तमकुमार भट्टराई | - संचालक |

**ख. अन्य पदाधिकारीहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री भुवनकुमार दहाल | - | प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रुद्रप्रसाद बन्जारा | - | कम्पनी सचिव |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री सिताराम खडका | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री बद्री विशाल घिमिरे | कानूनी सल्लाहकार |

घ. यस पन्ध्रौं वार्षिक साधारणसभाको मितिसम्म ४०,८०९ (फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहनु भएको छ ।

**ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत :**

सभामा स्वयम तथा प्रोक्सी मार्फत ५८.४५ प्रतिशत उपस्थिति रह्यो ।

**च. गणपुरक संख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको मिति: २०७६ साल आश्वीन ५ गते बसेको ४०८औं बैठकको निर्णयानुसार बैंकको १५ औं वार्षिक साधारणसभाको सूचना मिति: २०७६ आश्वीन ७ गते "अभियान" राष्ट्रिय दैनिक र आश्वीन १६ गते "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित गरि शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो । बैंकको

नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने व्यवस्था रहको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ५८.४५ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराइयो ।

**२. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आ.व.२०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७५/७६ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व.२०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ११.०५२६ प्रतिशतका दरले हुने नगद लाभांश रू.८८,४३,४९,२८५/४७ (अक्षरुपि अठासी करोड त्रिचालीस लाख उनान्चास हजार दुईसय पचासी रुपैया सतचालीस पैसा) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले हुने रू.८०,०१,२५,५४४/-(अक्षरुपि असी करोड एक लाख पच्चीस हजार पाँचसय चौवालीस) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजी रू.८,००,१२,५५,४४०/-(अक्षरुपी आठ अर्ब बाह्र लाख पचपन्न हजार चारसय चालीस) लाई वृद्धि गरी रू.८,८०,१३,८०,९८४/-(अक्षरुपि आठ अर्ब असी करोड तेह्र लाख असी हजार नौसय चौरासी) बनाउन प्रबन्धपत्र संशोधन गर्ने ।

३. संचालक समितिको बैठक भत्ता लगायतका सुविधामा वृद्धि गरी बैंकको नियमावलीमा संशोधन गर्ने ।

४. कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

५. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

ग. विविध :

३. **सभाको प्रारम्भ :**

मितिः २०७६/६/५ मा बसेको संचालक समितिको ४०८औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम पन्ध्रौं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री रुद्रप्रसाद बन्जाराले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनयकुमार श्रेष्ठले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट आ.व.२०७५/७६ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँट हिसाव, नगद प्रवाह विवरण, सानिमा क्यापिटल सहितको एकिकृत वित्तीय विवरण आदि सहितको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीज्यूहरु श्री अमृतनाथ रेग्मी, श्री अशोक उप्रेती, श्री ब्यासकुमार शर्मा, श्री मेजर कुबेर श्रेष्ठ, श्री भक्तिप्रसाद उप्रेती, श्री दिबाकर खड्का, श्री चन्द्रनारायण श्रेष्ठ, श्री डमरुबल्लभ घिमिरे, श्री शिवप्रसाद पौडेल, श्री दण्डपानी खनाल, श्री उद्धव घिमिरे, श्री कृष्णप्रसाद अधिकारी, श्री रोजकुमार श्रेष्ठ, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्रीमती पूर्णकुमारी बस्नेत, श्री अमिरदास रन्जित, श्री शिवप्रसाद शर्मा, श्री गुणराज भट्ट, श्री उत्तम पाठक, श्री नरसिंहलाल चखुँ र श्री अष्ठनारायण महर्जनले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नुभयो ।

**जवाफ :**
शेयरधनीज्यूहरुबाट राख्नु भएका जिज्ञाषाहरुको अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्नु भयो । साथै, शेयरधनीज्यूहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लगिने व्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरुः**
क. सामान्य प्रस्ताव

१. **आ.व.२०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७५/७६ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।**

यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७५/७६ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व.२०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एस.आर.पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्टस्, (S.R.Pandey & Co.Chartered Accountants) काठमाण्डौंलाई चालू आ.व.२०७६/७७ को लागि लेखापरीक्षकमा नियुक्ति गर्ने । निजलाई निम्न बमोजिम पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

पारिश्रमिक :
लेखाखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गरे वापत मूल्य अभिवृद्धि कर बाहेक रू.१४,००,०००/- (अक्षरूपि चौध लाख) मात्र उपलब्ध गराउने । यस बाहेक अन्य कुनै सुविधा तथा खर्च उपलब्ध गराइने छैन ।

५. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ११.०५२६ प्रतिशतका दरले हुने नगद लाभांश रू.८८,४३,४९,२८५/४७ (अक्षरुपि अठासी करोड त्रीचालीस लाख उनानचास हजार दुईसय पचासी रूपैया सतचालीस पैसा) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

पन्ध्रौं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघिसम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको ११.०५२६ प्रतिशतका दरले हुने नगद लाभांश रू.८८,४३,४९,२८५/४७ (अक्षरुपि अठासी करोड त्रिचालीस लाख उनान्चास हजार दुईसय पचासी रुपैया सतचालीस पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) मात्र नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

(ख) विशेष प्रस्तावहरु :

**१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १० (प्रतिशतका दरले हुने रू.८०,०१,२५,५४४/-(अक्षरुपि असी करोड एक लाख पच्चीस हजार पाँचसय चौवालीस) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।**

पन्ध्रौं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघिसम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको १०% (दश प्रतिशत) का दरले हुने रू.८०,०१,२५,५४४/-(अक्षरुपि असी करोड एक लाख पच्चीसहजार पाँचसय चौवालीस मात्र) वोनस शेयर वितरण गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**२. बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजी रू. ८,००,१२,५५,४४० (अक्षरुपी आठ अर्ब बाह्र लाख पचपन्न हजार चार सय चालीस मात्र) लाई वृद्धिगरी रू. ८,८०,१३,८०,९८४(अक्षरुपी आठ अर्ब असीकरोड तेह्रलाख असीहजार नौसय चौंरासी) बनाउन प्रबन्धपत्र संशोधन गर्ने ।**

बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूजीँ रू.८,००,१२,५५,४४० (अक्षरुपी आठ अर्ब बाह्र लाख पचपन्न हजार चार सय चालीस मात्र) लाई वृद्धि गरि रू.८,८०,१३,८०,९८४/- (अक्षरुपी आठ अर्ब असी करोड तेह्र लाख असी हजार नौ सय चौंरासी) पुर्याउन निम्नानुसार प्रबन्धपत्रमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**दफा ५(ख):**
बैंकको जारी पूँजी रू.८,८०,१३,८०,९८४/-(अक्षरुपि आठ अर्ब असी करोड तेह्र लाख असी हजार नौसय चौरासी) हुनेछ । जसलाई रू.१०० का दरका ८,८०,१३,८०९.८४ थान साधारण शेयरमा विभाजन गरिनेछ ।

**दफा : ५(ग):**
बैंकको चुक्ता पूँजी रू.८,८०,१३,८०,९८४/-(अक्षरुपि आठ अर्ब असी करोड तेह्र लाख असी हजार नौसय चौरासी) हुनेछ ।

**३. संचालक समितिको बैठक भत्ता लगायतका सुविधामा वृद्धि गरी बैंकको नियमावलीमा संशोधन गर्ने ।**

संचालक समितिको हाल कायम रहेको बैठक भत्ता तथा संचार सुविधालाई वृद्धि गरि बैंकको नियमावलीमा निम्नानुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिले परीत गरियो ।

**नियम १६(क)१ :**
**बैठक भत्ता :** बैठकको अध्यक्षता गर्नेलाई प्रति बैठक (उपस्थित भएको खण्डमा मात्र) रू.१३,०००/-(अक्षरुपि तेह्र हजार) र संचालकलाई प्रति बैठक (उपस्थित भएको खण्डमा मात्र) रू.१२,०००/- (अक्षरुपि बाह्र हजार) उपलब्ध गराउने ।

**नियम १६(क)२ :**
**संचार सुविधाः** संचालक समितिका अध्यक्ष तथा संचालकहरुलाई दैनिक, साप्ताहिक समाचारपत्र, बैंक तथा वित्त सम्बन्धी बिषयका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट प्रकाशित हुने Magazine, Periodicals, तथा अन्य पत्र-पत्रिकाहरु, टेलिफोन, इन्टरनेट आदिको लागि मासिक रू.१२,०००/- (अक्षरुपि बाह्र हजार) उपलब्ध गराउने ।

४. **कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस बैंकमा अन्य कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

५. **बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।**

उक्त कार्यका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**ग. विविध**

क. संचालक समितिबाट श्रीमती गायत्री थापालाई महीला संचालकमा नियुक्त गरिएको व्यहोरा सभालाई जानकारी भयो ।

७. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**
शेयरधनी महानुभावहरुको सकृय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षण समिति, सम्वन्धित निकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारीवर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले पन्धौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

रुद्रप्रसाद बन्जारा
कम्पनी सचिव

विनयकुमार श्रेष्ठ
अध्यक्ष

मिति : २०७६/०६/२९